केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१२/०७५/७६ मिति: २०७५/०९/१३

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७५ को विभिन्न इ.प्रा.निर्देशनहरुमा देहायबमोजिम संशोधन/परिमार्जन गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**(अ) एकीकृत निर्देशन, २०७५ को इ.प्रा.निर्देशन नं. २२/०७५ को बुँदा नं. ४ को उपबुँदा नं. (१) लाई देहाय बमोजिम संशोधन गरिएको छ :**

(१) बैंक तथा वित्तीय संस्थाहरुको वर्गीकरण र न्यूनतम चुक्ता पुँजी सम्बन्धी व्यवस्था :

| वर्ग | राष्ट्रियस्तर | प्रादेशिक स्तर* |
|---|---|---|
| "क" | रु. ८०० करोड | - |
| "ख" | रु. २५० करोड | रु. १२० करोड |
| "ग" | रु.८० करोड | रु. ५० करोड |

* *काठमाडौं उपत्यका बाहेक । यस्ता वित्तीय संस्थाहरुको कार्य क्षेत्र/परियोजना तोकिएका प्रदेश अन्तर्गतका तोकिएका जिल्लामा सीमित रहने ।*

**(आ) एकीकृत निर्देशन, २०७५ को इ.प्रा.निर्देशन नं. २२/०७५ को बुँदा नं. ४ मा देहायबमोजिमको उपबुँदा नं. (७) थप गरिएको छ :**

(७) इजाजतपत्रप्राप्त "ख" र "ग" वर्गका वित्तीय संस्थाहरु एक प्रदेश वा राष्ट्रियस्तरमा सञ्चालन गर्नु पर्नेछ । राष्ट्रियस्तर बाहेकका "ख" र "ग" वर्गका वित्तीय संस्थाहरुले देहायका शर्तहरुको अधीनमा रही कुनै एक प्रदेशमा आफ्नो कार्यक्षेत्र कायम गर्नु पर्नेछ ।

(क) "ख" वर्गका वित्तीय संस्थाहरुले रु. १ अर्ब २० करोड र "ग" वर्गका वित्तीय संस्थाहरुले रु. ५० करोड चुक्ता पुँजी पुरा गरी यस बैंकको स्वीकृति लिई कुनै एक प्रदेशभर आफ्नो कारोवार सञ्चालन गर्न सक्नेछन् ।

(ख) बुँदा नं. (क) बमोजिमको चुक्ता पुँजी पुरा नगरेसम्म हाल कायम रहेका जिल्लाहरुमा सीमित रही आफ्नो कारोवार संचालन गर्नु पर्नेछ ।

(ग) एकभन्दा बढी प्रदेशमा समेत शाखा कार्यालय खोली सञ्चालनमा रहेका वित्तीय संस्थाहरुले २०७७ असारभित्र उक्त शाखा बिक्री, बन्द वा स्थानान्तरण गरी आफ्नो सम्पूर्ण कार्यक्षेत्र एउटै प्रदेशभित्र सीमित गरी सक्नु पर्नेछ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(घ) प्रादेशिक स्तरका लागि तोकिएको चुक्ता पुँजी पुरा गरेका वित्तीय संस्थाले एकभन्दा बढी प्रदेशमा रहेका शाखा कार्यालय विक्री, बन्द वा स्थानान्तरण नगरेसम्म आफ्नो प्रदेशका बाँकी जिल्लामा कार्यक्षेत्र विस्तार गर्न पाउने छैनन् ।

(ङ) बुँदा नं (ख) र बँदा नं. (घ) मा जुनसुकै कुरा लेखिएको भएता पनि रु. ५० करोड चुक्ता पुँजी पुरा गरेका "ख" वर्गका वित्तीय संस्थाहरु र रु. ४० करोड चुक्ता पुँजी पुरा गरेका "ग" वर्गका वित्तीय संस्थाहरुले यस बैंकको स्वीकृति लिई कुल पाँच जिल्ला ननाघ्ने गरी एउटै प्रदेशभित्रका जोडिएका ५ जिल्लासम्म कार्यक्षेत्र विस्तार गर्न भने यस व्यवस्थाले वाधा पुऱ्याएको मानिने छैन ।

(च) प्रादेशिक वा राष्ट्रियस्तरमा स्तरोन्नति हुने क्रममा चुक्ता पुँजी पुरा गर्ने प्रयोजनका लागि गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी कार्यलाई प्राथमिकता दिनु पर्नेछ ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(१०) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(११) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।
(१२) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।